# वराहपोखरी गाउँपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :** गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने जेहेन्दार, दलित, अपाङ्गता भएका विद्यार्थीहरुको शिक्षामा पहुँच स्थापना गर्न सामुदायिक विद्यालयबाट एस.ई.ई. परीक्षामा उत्कृष्ठ नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप गाउँसभाले छात्रवृत्ति वितरणका लागि विनियोजित बजेट रकमलाई व्यवस्थित एवं पारदर्शी ढंगले परिचालन गर्न वाञ्छनीय भएकाले वराहपोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार बमोजिम यस वराहपोखरी गाउँपालिकाको मिति २०८०।०६।२२ गते बसेको बैठकले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "वराहपोखरी गाउँपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मिति २०८०।०६।२२ बाट लागू हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "गाउँपालिका" भन्नाले वराहपोखरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले वराहपोखरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले वराहपोखरी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले वराहपोखरी गाउँपालिकाको पालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वराहपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "कार्यविधि" भन्नाले वराहपोखरी गाउँपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

(छ) "छात्रवृत्ति" भन्नाले वराहपोखरी गाउँपालिका क्षेत्रभित्र बसोबास रहेका सामुदायिक विद्यालयहरुमध्येबाट प्रत्येक वर्षको एस.ई.ई. परीक्षामा उत्कृष्ठ नतिजा हासिल गरेका जेहेन्दार छात्र र छात्रा, उत्कृष्ठ दलित छात्र वा छात्रा तथा अपाङ्ग छात्र वा छात्राहरुलाई उपलब्ध गराईने छात्रवृत्तिको रकम सम्झनु पर्दछ ।

(ज) "गाउँसभा" भन्नाले वराहपोखरी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(झ) "वडा समिति" भन्नाले वराहपोखरी गाउँपालिकाको मातहतका वडा समितिलाई सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिमको छात्रवृत्ति व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

३. **कार्यविधिको उद्देश्य :** (१) यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहने छन् :-

(क) छात्रवृत्ति वितरणका लागि पारदर्शी र स्पष्ट आधार तय गर्ने,

(ख) वितरण गरिने छात्रवृत्ति रकमलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी परिणाममुखी बनाउने,

(ग) सरोकारवालाहरुलाई छात्रवृत्ति सम्बन्धी जानकारीहरु सहज र सरल तरिकाले उपलब्ध गराउने,

(घ) विनियोजित बजेट र छात्रवृत्ति कार्यक्रम वास्तविक लक्षित वर्गसम्म व्यवस्थित एवं पारदर्शी तरिकाबाट पुर्याउने,

(ङ) लक्षित वर्गको पहुँच स्थापित गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

४. **छात्रवृत्ति व्यवस्थापन समिति :** (१) वराहपोखरी गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्ति व्यवस्थित तथा आवश्यक समन्वय गर्न देहाय बमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति रहने छ :-

| | |
|---|---|
| (क)गाउँपालिकाको गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख)प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सामाजिक विकास समितिका संयोजक | - सदस्य |
| (घ) कार्यपालिकाले मनोनित गरेको १ महिला सहित २ जना कार्यपालिका सदस्य | - सदस्य |
| (ङ) माध्यमिक तहका प्र.अ.हरुमध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना प्र.अ. | - सदस्य |
| (च) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले यस कार्यविधिको व्यवस्थाको प्रतिकूल नहुने गरी आफ्नो कार्यविधि आफै निर्धारण गरी कार्यसञ्चालन गर्न सक्नेछ ।

५. **छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क)अनुसूची-१ बमोजिमको मापदण्डका आधारमा उत्कृष्ठ विद्यार्थीहरु छनौट गर्ने ।

(ख)छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न विभिन्न निकायहरुबीच आवश्यक समन्वय गर्ने ।

(ग) छात्रवृत्तिको रकम छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम हुने ।

(घ) छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा अध्ययन अनुसन्धान गरी गाउँ कार्यपालिकालाई सुझाव प्रदान गर्ने ।

(ङ) छात्रवृत्तिको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्यांकन गर्ने ।

६. **छात्रवृत्ति वितरण प्रक्रिया :** (१) छात्रवृत्ति वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क)गाउँपालिकाको कार्यालयले कम्तिमा ७ (सात) दिनको सूचना प्रकाशन गरी छात्रवृत्तिको लागि निवेदन आह्वान गर्नेछ ।

(ख)निवेदकले छात्रवृत्तिको लागि अनुसूची-२ बमोजिमको ढाँचामा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदनका साथ अनुसूची-३ बमोजिमका आवश्यक कागज पत्रहरु सहित पेश गर्नुपर्नेछ ।

(ग) प्राप्त भएका निवेदन र निवेदकले पेश गरेका कागज पत्रहरु शिक्षा, युवा तथा खेलकुद शाखाले संकलन गरी छात्रवृत्ति व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ ।

(घ) छात्रवृत्ति व्यवस्थापन समितिले प्राप्त निवेदन तथा निवेदकले पेश गरेका कागज पत्रहरुका आधारमा अनुसूची-१ बमोजिम अघिल्लो शैक्षिक सत्रमा सञ्चालन भएको एस.ई.ई. परीक्षामा उत्कृष्ठ हुने छात्र र छात्रा -१/१ जना, उत्कृष्ठ दलित छात्र वा छात्रा -१ जना र उत्कृष्ठ अपाङ्ग छात्र वा छात्रा -१ जना विद्यार्थीहरुलाई छनौट गरी उक्त विद्यार्थीहरुको नामावली गाउँपालिकाको कार्यालयमा उत्कृष्ठ विद्यार्थीहरुको नामावली प्रकाशनका लागि सिफारिस गर्नुपर्नेछ ।

(ङ) गाउँपालिकाको कार्यालयबाट उत्कृष्ठ विद्यार्थीहरुको नामावली प्रकाशन भए पश्चात गाउँ कार्यपालिका मार्फत उक्त उत्कृष्ठ विद्यार्थीहरुलाई पुरस्कृत गर्नुपर्नेछ ।

(च) छात्रवृत्ति वापतको रकम कार्यालयले नगद वा चेक वा सम्बन्धित विद्यार्थीको अभिभावको बैंक खाता मार्फत उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) को खण्ड (घ) मा उल्लिखित उत्कृष्ठ छात्र-छात्राको सन्दर्भमा यदि एक भन्दा बढी समान GPA प्राप्त गर्ने उत्कृष्ठ छात्र वा छात्राहरुको निवेदन पेश हुन आएमा उक्त विद्यार्थीहरुमध्येबाट उत्कृष्ठ छात्र वा छात्रा छनौट सम्बन्धी काम छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

७. **छात्रवृत्तिको रकम सम्बन्धी व्यवस्था :** (१) वराहपोखरी गाउँपालिकाले प्रत्येक आ.व.मा गाउँसभाबाट स्वीकृत बजेटको आधारमा छात्रवृत्तिको रकमको व्यवस्था हुनेछ ।

(२) छात्रवृत्ति रकमको राशी गाउँपालिकाको स्वीकृत बजेटको परिधिभित्र रही दफा ४ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनमा केही बाधा अड्काउ आई परेमा छात्रवृत्ति व्यवस्थापन समिति वा गाउँ कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

९. **संशोधन:** वराहपोखरी गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

# अनुसूची-१

## छात्रवृत्ति छनौटका मापदण्ड

- ☞ उत्कृष्ठ छात्र तथा उत्कृष्ठ छात्रा छनौटका लागि अघिल्लो शैक्षिक सत्रमा सञ्चालन भएको एस.ई.ई. परीक्षाको नतिजामा कम्तिमा २.८ GPA प्राप्त गरेको हुनुपर्नेछ।
- ☞ उत्कृष्ठ दलित छात्र वा छात्रा तथा उत्कृष्ठ अपाङ्ग छात्र वा छात्रा छनौटका लागि अघिल्लो शैक्षिक सत्रमा सञ्चालन भएको एस.ई.ई. परीक्षाको नतिजामा कम्तिमा २.४ GPA प्राप्त गरेको हुनुपर्नेछ।
- ☞ एउटै विद्यार्थीलाई दोहोरो नपर्ने गरी छात्रवृत्ति वितरण गर्नुपर्नेछ।
- ☞ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी वराहपोखरी गाउँपालिकामा सञ्चालित कुनै सामुदायिक माध्यमिक विद्यालयमा अध्ययनरत यसै गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ।
- ☞ अपाङ्गता भएको विद्यार्थीको हकमा 'ख' वर्ग, 'ग' वर्ग वा 'घ' वर्गको अपाङ्गता परिचय पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।

## अनुसूची-२

## छात्रवृत्तिका लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा

श्री .............................................                                   **मिति** : .........../......../.......

वराहपोखरी गाउँपालिका, खोटाङ ।

**विषय :** छात्रवृत्ति पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस वराहपोखरी गाउँपालिका वडा नं. ....... निवासी श्री ....................................... को नाति/नातिनी श्री .......................................... को छोरा/छोरी म .......................................... ले यस गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्ति पाउँ भनि आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको छु । मैँले प्राप्त गरेको शैक्षिक योग्यताको विवरण निम्नानुसार रहेको छ ।

**तपसिल**

| क्र.सं. | शैक्षिक संस्था | शैक्षिक वर्ष | GPA | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**निवेदकको दस्तखत** :.................................

**नाम** :.......................................................

**ठेगाना** :....................................................

## अनुसूची-३

### निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि -१ थान
२. एस.ई.ई. उत्तीर्ण गरेको ग्रेड सिट र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि -१/१ थान
३. अपाङ्गताको हकमा अपाङ्गता परिचय पत्रको प्रतिलिपि -१ थान
४. एस.ई.ई. उत्तीर्ण गरेको सामुदायिक विद्यालयको सिफारिस पत्र -१ थान
५. सम्बन्धित वडाको स्थायी बसोबास भएको खुल्ने प्रमाण पत्र -१ थान

**मिति :** २०८० साल असोज महिना २२ गते।

**शालिकराम बन्जारा**
**(गाउँपालिका अध्यक्ष)**